# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २७ ] काठमाडौं, भदौ २७ गते २०३४ साल [ पूर्वातिरिक्ताङ्क २८

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३४ सालको ऐन नं. १०

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

262

## संस्थाहरूको स्थापना तथा दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : सामाजिक, धार्मिक साहित्यिक, साँस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, आर्थिक, व्यावसायिक तथा परोपकारी संस्थाहरूको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यस ऐनको नाम "संस्था दर्ता ऐन, २०३४" रहेको छ।

(२) यो ऐनको विस्तार नेपाल अधिराज्यभर हुनेछ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, साँस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यावसायिक तथा परोपकारी कार्यहरूको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था, क्लब, मण्डल, परिषद्, अध्ययनकेन्द्र आदि सम्झनुपर्छ र सो शब्दले मैत्री संघ समेतलाई जनाउँछ।

(ख) "स्थानीय अधिकारी" भन्नाले श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अधिकारी सम्झनुपर्छ र त्यसरी अधिकारी नतोकिएकोमा प्रमुख जिल्ला अधिकारी सम्झनुपर्छ।

(ग) "प्रबन्ध समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रबन्ध समिति सम्झनुपर्छ।

(घ) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ।

३. दर्ता नगरी संस्था खोल्नु नहुने : यस ऐनबमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्न हुँदैन।

४. संस्थाको दर्ता : (१) संस्था स्थापना गर्न चाहने कुनै सात जना वा सोभन्दा बढी व्यक्तिहरूले संस्थासम्बन्धी देहायको विवरण खुलाई संस्थाको विधानको एक प्रति र तोकिएको दस्तुर सहित स्थानीय अधिकारीसमक्ष निवेदन दिनु पर्नेछः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) संस्थाको नाम,
(ख) उद्देश्यहरू,
(ग) प्रबन्ध समितिका सदस्यहरूको नाम, ठेगाना र पेशा,
(घ) आर्थिक स्रोत,
(ङ) कार्यालयको ठेगाना।

(२) उप–दफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी दर्ताको प्रमाण–पत्र दिनेछ।

(३) स्थानीय अधिकारीले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यस्को सूचना निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले पैंतीस दिनभित्र त्यस्तो निर्णय उपर अञ्चलाधीशसमक्ष उजूर गर्न सक्नेछ।

(४) उप–दफा (३) बमोजिमको उजूर प्राप्त भएपछि अञ्चलाधीशले आवश्यक जाँचबुझ गरी त्यस्तो संस्था दर्ता गर्न मनासिब ठहराएमा सो संस्था दर्ता गर्ने स्थानीय अधिकारीलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएपछि स्थानीय अधिकारीले संस्था दर्ता गरिदिनु पर्नेछ।

(५) यस दफाअन्तर्गत दिइने प्रमाण–पत्रको ढाँचा, अवधि, नवीकरण र नवीकरण दस्तूर तोकिएबमोजिम हुनेछ।

५. <u>संगठित संस्था मानिने</u>: (१) यस ऐनअन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ। सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचबिखन गर्न सक्नेछ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालीस उजूर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालीस उजूर लाग्नेछ।

६. <u>संस्थाको सम्पत्ति</u>: (१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरूद्ध संस्थाको कुनै सम्पत्ति दुरूपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा स्थानीय अधिकारीले त्यस्तो सम्पत्ति दुरूपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ।

(२) उप–दफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी स्थानीय अधिकारीले गरेको कारवाईमा चित्त नबुझ्ने व्यक्तिले अञ्चल अदालतमा पुनरावेदन दिन सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०८

(३) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा बिराम गरेमा संस्था, संस्थाको कुनै सदस्य वा स्थानीय अधिकारीले प्रचलित कानूनबमोजिम मुद्दाको कारवाई चलाउन सक्नेछ ।

७. अघि दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्ने : यो ऐन प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानूनबमोजिम दर्ता नभई स्थापना भई रहेका संस्थाले पनि यो ऐन प्रारम्भ भएको मितिले तीन महीनाभित्र यो ऐनबमोजिम दर्ता गराउनु पर्नेछ ।

८. संस्थाका उद्देश्यहरूमा हेरफेर : (१) संस्थाको उद्देश्यहरूमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाको प्रबन्ध समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधानबमोजिम असाधारण सभा बोलाउनु पर्नेछ ।

(२) असाधारण सभामा उपस्थित भएका जम्मा सदस्यसंख्याको दुई तिहाई सदस्यहरूले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव असाधारण सभाबाट पारित भएको मानिनेछ ।

तर, सो प्रस्ताव लागू गर्न स्थानीय अधिकारीको पूर्व स्वीकृति लिनु पर्नेछ ।

९. हिसाबको विवरण पठाउनु पर्ने : प्रबन्ध समितिले आफ्नो संस्थाको हिसाबको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक वर्ष स्थानीय अधिकारीकहाँ पठाउनु पर्नेछ ।

१०. हिसाब जाँच गर्ने : (१) स्थानीय अधिकारीले आवश्यक देखेमा संस्थाको हिसाब आफूले नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।

(२) उप–दफा (१) बमोजिम हिसाब जाँच गराए बापत स्थानीय अधिकारीले हिसाब जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा तीन प्रतिशत नबढाई आफूले निर्धारित गरेको दस्तूर असूल गरी लिन सक्नेछ ।

(३) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरू वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाब जाँच गर्ने अधिकृतले स्थानीय अधिकारीले तोकिदिएको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन स्थानीय अधिकारीसमक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने स्थानीय अधिकारीलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असूल गर्न प्रचलित कानूनबमोजिम कारवाई चलाउन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर, प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन लगाउनेछ ।

११. निर्देशन दिने : श्री ५ को सरकारले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

१२. दण्ड सजाय : (१) दफा ३ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ७ बमोजिम दर्ता नगरी संस्था संचालन गरेमा त्यस्ता संस्थाका प्रबन्ध समितिका सदस्यहरूलाई स्थानीय अधिकारीले जनही दुई हजार रूपैयाँसम्म जरीवाना गर्न सक्नेछ ।

(२) दफा ६ बमोजिम हिसाबको विवरण नपठाएमा प्रबन्ध समितिका सदस्य– हरूलाई स्थानीय अधिकारीले जनही पाँच सय रूपैयाँसम्म जरीवाना गर्न सक्नेछ ।

तर, कुनै सदस्यले दफा ६ उल्लंघन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन ।

(३) दफा १० को उप–दफा (३) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरू वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई स्थानीय अधिकारीले पाँच सय रूपैयाँसम्म जरीवाना गर्न सक्नेछ ।

(४) दफा ८ बमोजिम स्थानीय अधिकारीको स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासित गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाई गरेमा वा श्री ५ को सरकारले दिएको निर्देशनको पालन नगरेमा स्थानीय अधिकारीले त्यस्तो संस्थाको दर्ता निलम्बन गर्न वा खारेज गर्न सक्नेछ ।

(५) संस्थाको उद्देश्यको प्रतिकूल असर पार्ने नियतले राजनैतिक उद्देश्यको बीजारोपण गराउन खोज्ने संस्थाका सदस्यलाई स्थानीय अधिकारीले एक हजार रूपैयाँसम्म जरीवाना वा एक महीनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ । त्यसरी सजाय पाएको सदस्य त्यस्तो संस्थाको सदस्यताबाट स्वतः निष्काशन हुनेछ ।

१३. पुनरावेदन : (१) दफा १२ को उप–दफा (१), (२), (३) र (४) बमोजिम स्थानीय अधिकारीले दिएको आदेश उपर पैंतीस दिनभित्र अञ्चलाधीशसमक्ष पुनरावेदन लाग्नेछ र त्यस्तोमा अञ्चलाधीशको निर्णय अन्तिम हुनेछ ।

(२) दफा १२ को उप–दफा (५) बमोजिम स्थानीय अधिकारीले गरेको निर्णय उपर पैंतीस दिनभित्र अञ्चल अदालतमा पुनरावेदन लाग्नेछ र त्यस्तोमा अञ्चल अदालतको निर्णय अन्तिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

265

१४. संस्थाको विघटन र त्यसको परिणाम : (१) संस्थाको विधानबमोजिम कार्य संचालन गर्न नसकी वा अन्य कुनै कारणवस संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा श्री ५ को सरकारमा सर्नेछ ।

(२) उप–दफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले खामेसम्म त्यस्तो दायित्व श्री ५ को सरकारले व्यहोर्नेछ ।

१५. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले नियम बनाउन सक्नेछ ।

१६. अन्य नेपाल ऐनबमोजिम दर्ता वा स्थापना गर्नुपर्ने : कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्बन्धमा अर्को नेपाल ऐनमा छुट्टै व्यवस्था भएकोमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो संस्था सोही ऐनबमोजिम दर्ता वा स्थापना गर्नु पर्नेछ ।

१७. खारेजी र बचाउ : (१) संस्था रजिष्ट्रेशन ऐन, २०१६ खारेज गरिएको छ ।

(२) संस्था रजिष्ट्रेशन ऐन, २०१६ अन्तर्गत दर्ता भएको संस्था यस ऐन अन्तर्गत दर्ता भए सरह मानिनेछ ।

लालमोहर सदर मितिः–२०३४।५।२७।२

आज्ञाले–
चूडामणिराज सिह मल्ल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३४ सालको ऐन नं. ११

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

आर्थिक वर्ष २०३४।३५ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिने र विनियोजन गर्ने व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : आर्थिक वर्ष २०३४।३५ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम : यस ऐनको नाम "विनियोजन ऐन, २०३४" रहेको छ ।

२. आर्थिक वर्ष २०३४।३५ को निमित्त सञ्चित कोषबाट रुपैयाँ खर्च गर्ने अधिकार : आर्थिक वर्ष २०३४।३५ को निमित्त अनुसूची १ बमोजिम सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची २ को कालम ३ मा र अनुसूची ३ को कालम ३ मा निर्दिष्ट गरिएका सेवा र कार्यहरूका निमित्त अनुसूची २ को कालम ४ मा र अनुसूची ३ को कालम ४ मा निर्दिष्ट गरिएबमोजिम जम्मा रुपैयाँ २,९३,०६,३०,०००।– (दुई अरब त्रियान्नब्बे करोड

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

छ लाख तीस हजार) (पेश्की खर्च ऐन, २०३४ अनुसार खर्च हुने भएको रकम समेत) मा नबढाई त्यतिसम्म रकम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजन : यो ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्ने अधिकार दिइएको रकम आर्थिक वर्ष २०३४।३५ को निमित्त अनुसूची २ को कालम ३ मा र अनुसूची ३ को कालम ३ मा निर्दिष्ट गरिएका सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ ।

तर, उक्त सेवा र कार्यहरूका निमित्त विनियोजन गरिएको रकम कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आयो भने श्री ५ को सरकारले एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० (दश) प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरूमा रकम सार्न सक्नेछ ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८२

## अनुसूची–१

नेपालको संविधान अनुसार सञ्चित कोषमाथि व्ययभार हुने

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| क्रम संख्या | अनुदान संख्या | सेवा र कार्य | सञ्चित कोषमाथि व्ययभार हुने रकम रू. हजारमा |
| १ | १–१ | श्री ५ महाराजाधिराज तथा राजपरिवार | ७८,६० |
| २ | १–२ | राजसभा | ४,६० |
| ३ | १–४ | महालेखा परीक्षकको विभाग | २४,५४ |
| ४ | १–५ | सर्वोच्च अदालत | १२,०१ |
| ५ | १–६ | लोक सेवा आयोग | २५,३४ |
| ६ | १–७ | निर्वाचन आयोग | २४,२४ |
| ७ | १–८ | गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समिति | २६,३१ |
| ८ | ११–१ | सावाँ भुक्तानी | ५,२७,१८ |
| ९ | ११–२ | व्याज भुक्तानी | ८,३६,१२ |
| १० | १२–६ | अन्य | ३,०० |
| | | | १५,६७,९४ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८२

## अनुसूची--२

दफा २ अनुसार सञ्चित कोषबाट खर्च हुने

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| क्रम संख्या | अनुदान संख्या | सेवा र कार्य | विनियोजित रकम रू. हजारमा |
| १ | १–३ | राष्ट्रिय पञ्चायत | ३९,६१ |
| २ | १–८ | गाउँफर्क राष्ट्रिय अभियान | ६३,७१ |
| ३ | २–१ | मन्त्रिपरिषद् | २५,०० |
| ४ | २–२ | श्री ५ को सरकारको सचिवालय | १,९०,७२ |
| ५ | २–३ | जिल्ला प्रशासन | २,४१,६२ |
| ६ | २–४ | प्रहरी | ८,१२,८६ |
| ७ | २–५ | कारागार | १,०१,८९ |
| ८ | २–६ | विविध | ६५,०२ |
| ९ | २–७ | प्रशासन सुधार | १८,०० |
| १० | ३–१ | मालपोत | १,११,१४ |
| ११ | ३–२ | भन्सार | ७४,९६ |
| १२ | ३–३ | अन्तःशुल्क | ४७,८८ |
| १३ | ३–४ | कर | ४४,५[illegible] |
| १४ | ३–५ | राजस्व न्यायाधिकरण | १,४६ |
| १५ | ४–१ | योजना | ६,९३ |
| १६ | ४–२ | तथ्याङ्क | १७,५९ |
| १७ | ४–३ | टक्सार | १,५०,९७ |
| १८ | ४–४ | महालेखा नियन्त्रक कार्यालय | ३३,२६ |
| १९ | ४–५ | मेट्रिक नाप तौल | १२,०७ |
| २० | ५–१ | अदालत | १,३७,१६ |
| २१ | ५–२ | महान्यायाधिवक्ताको कार्यालय | ५,०० |
| २२ | ६–१ | वैदेशिक सेवा | २,३३,३० |
| २३ | ६–२ | विविध | ५५,१० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८४

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| क्रम संख्या | अनुदान संख्या | सेवा र कार्य | विनियोजित रकम रू. हजारमा |
| २४ | ७–१ | रक्षा | १७,३४,५८ |
| २५ | ८–१ | शिक्षा | ७,३५,७४ |
| २६ | ८–२ | स्वास्थ्य | ४,७२,५७ |
| २७ | ८–३ | पिउने पानी | १३,४१ |
| २८ | ८–४ | पञ्चायत | १,८८,७१ |
| २९ | ८–५ | अन्य सामाजिक सेवाहरू | १,९८,७८ |
| ३० | ९–१ | कृषि | ७६,३५ |
| ३१ | ९–२ | सिंचाइ | ५१,९६ |
| ३२ | ९–३ | भूमिसुधार | १,३५,८९ |
| ३३ | ९–४ | नापी | ३०,०१ |
| ३४ | ९–५ | वन | ४१,०५ |
| ३५ | ९–६ | उद्योग तथा खानी | २५,३० |
| ३६ | ९–७ | सञ्चार | २,९०,२४ |
| ३७ | ९–८ | यातायात | २,९९,७९ |
| ३८ | ९–९ | विद्युत् | ८३,५६ |
| ३९ | ९–१० | अन्य आर्थिक सेवाहरू | १०,८४ |
| ४० | १०–१ | ऋण र लगानी | ९५,०० |
| ४१ | १२–१ | विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलको भ्रमण खर्च | ७०,०० |
| ४२ | १२–२ | निवृत्तभरण, भत्ता तथा उपदान | १,३८,०० |
| ४३ | १२–३ | अतिथि सत्कार | ४,०० |
| ४४ | १२–४ | आकस्मिक सहायता, चन्दा र पुरस्कार | १,०० |
| ४५ | १२–५ | मुआवजा | १०,०० |
| ४६ | १२–६ | अन्य | ५,१७,७८ |
| ४७ | १२–७ | भैपरिआउने | १,००,०० |
| | | | ७८,१७,३२ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–३

## दफा २ अनुसार सञ्चित कोषबाट खर्च हुने

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| क्रम संख्या | अनुदान संख्या | सेवा र कार्य | विनियोजित रकम रू. हजारमा |
| १ | २–७ | प्रशासन सुधार | ६,७४ |
| २ | ४–१ | योजना | २७,०६ |
| ३ | ४–२ | तथ्याङ्क | १९,३४ |
| ४ | ८–१ | शिक्षा | २०,४०,९७ |
| ५ | ८–२ | स्वास्थ्य | ११,६८,०३ |
| ६ | ८–३ | पिउने पानी | ८,८५,५६ |
| ७ | ८–४ | पञ्चायत | ९,६४,९७ |
| ८ | ८–५ | अन्य सामाजिक सेवाहरू | ३,२३,८६ |
| ९ | ९–१ | कृषि | २३,०९,४० |
| १० | ९–२ | सिंचाइ | २५,१७,१४ |
| ११ | ९–३ | भूमिसुधार | १,१७,३१ |
| १२ | ९–४ | नापी | ३,७८,१० |
| १३ | ९–५ | वन | ९,१६,१४ |
| १४ | ९–६ | उद्योग तथा खानी | १५,२७,२४ |
| १५ | ९–७ | सञ्चार | २,०६,६६ |
| १६ | ९–८ | यातायात | ४८,०८,३० |
| १७ | ९–९ | विद्युत् | २७,९६,३३ |
| १८ | ९–१० | अन्य आर्थिक सेवाहरू | १,४७,७६ |
| १९ | १२–६ | अन्य | २,२५,०० |
| २० | १२–७ | भैपरिआउने | १,००,०० |
| | | | २,१४,८८,९८ |

लालमोहर सदर मितिः–२०३४।५।२७।२

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८६